# गाउँ कार्यपालिका बैठक

## बैठक नं. ६

आज मिति २०७९ साल मंसिर १ गते बिहीबारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावमाथि छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष | |
| श्री साबित्रा कोइराला | उपाध्यक्ष | |
| श्री देवेन्द्र पाण्डेय | प्रमुख प्रशासकीय अधिकृत | |
| श्री हिरामणी पाण्डे | अधिकृत छैठौं | |
| श्री कृष्ण बहादुर लामिछाने | १ नं. वडाध्यक्ष | |
| श्री खगीसरा आले | २ नं. वडाध्यक्ष | |
| श्री देवेन्द्र कुमार थापा | ३ नं. वडाध्यक्ष | |
| श्री यादव प्रसाद पाण्डेय | ४ नं. वडाध्यक्ष | |
| श्री रुक बहादुर थापा | ५ नं. वडाध्यक्ष | |
| श्री सुन्दर प्रसाद अधिकारी | ६ नं. वडाध्यक्ष | |
| श्री उम प्रसाद भट्टराई | ७ नं. वडाध्यक्ष | |
| श्री हुमा देवी सार्की | कार्यपालिका सदस्य | |
| श्री टिकीसरा भट्टराई | कार्यपालिका सदस्य | टिकीसरा |
| श्री दीपा सिंजाली | कार्यपालिका सदस्य | |
| श्री रुपमाया राना | कार्यपालिका सदस्य | Rumaya |
| श्री लोक बहादुर सुनार | कार्यपालिका सदस्य | |
| श्री प्रेम बहादुर बोटे | कार्यपालिका सदस्य | |

२०७९/०८/०१

प्रस्ताव नं. १:- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनसम्बन्धमा ।
निर्णय नं. १:-

Sign-In Environment & Engineering Consultancy सँग भएको सम्झौता बमोजिम उक्त फर्मबाट पेश भएको कालिगण्डकी गाउँपालिका भएर बग्ने विभिन्न खोलाहरुको बगर क्षेत्रबाट ढुङ्गा, गिटी र बालुवाको संकलन/उत्खननको कार्यका लागि तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

प्रस्ताव नं. २:- मतदाता शिक्षाको लागि आवश्यक बजेट व्यवस्थापन सम्वन्धमा ।
निर्णय नं. २:-

श्री निर्वाचन आयोग, नेपालको प.सं. च.नं. ३४/०७९/८० मिति २०७९/६/१४ को पत्र व्यहोरामा उल्लेख भए बमोजिम मतदाता शिक्षा समन्वय समिति (स्थानीयस्तर) तथा मतदाता शिक्षा संचालन समिति (वडास्तर) को संचालनका लागि गठित समितिको कामकारवाहीका सन्दर्भमा हुने/भएको विविध खर्च तथा मतदाता शिक्षा सञ्चालनका लागि खटिएका मतदाता शिक्षा स्यवंसेवकको भत्ता भुक्तानीका लागि खर्च शीर्षक नं. २२५२२ बाट रु १,५०,०००।- (एक लाख पचास हजार मात्र) बजेट विनियोजन गर्ने ।

प्रस्ताव नं. ३:- साझेदारी कार्यक्रममा प्रस्ताव पेश गर्ने कार्यका लागि समिति गठन सम्बन्धमा ।
निर्णय नं. ३:-

संघ तथा प्रदेश तहवाट अनुरोध भै स्थानीय तहसमेतको लागत साझेदारीतामा आयोजना हुने आयोजनाहरुको सम्पूर्ण कामकारवाहीका लागि मिति २०७९ आश्विन १३ गतेको बैठक नं. ४ वाट गठित समितिलाई निरन्तरता दिने । सो सँग सम्वन्धित सम्पुर्ण कार्यका लागि सोही समितिलाई अख्तियारी दिने ।

प्रस्ताव नं. ४:- रुरु धार्मिक सेवा संचार प्रा.लि.लाई आथिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।
निर्णय नं. ४:-

रुरु धार्मिक सेवा संचार प्रा.लि, रुरु क्षेत्र रिडीको मिति २०७९/७/१० को आर्थिक सहयोग सम्बन्धको पत्रव्यहोरा वमोजिम उक्त संस्थालाई सामाजिक विकास अन्तर्गतको सि.नं. १ (क्लव/आमा समूहलाई अनुदान) शीर्षकवाट रु २०,०००।- (विस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कार्यपालिका बैठक

**प्रस्ताव नं. ५:-** कार्यालय भवनको आन्तरिक डिजाइन तथा गार्डेनिङको कार्य सम्बन्धमा ।

**निर्णय नं. ५:-**

SPRaY Consultant pvt Ltd, Butwal-11, Rupandehi बाट पेश भएको नयाँ कार्यालय भवनको आन्तरिक डेकोरेशन नमूना तथा गार्डेनिङ र गाडी पार्किङ लगायतको कार्यका लागि भएको डिजाइन तथा रु १६,०३,८९९.०८ को लागत अनुमान स्वीकृत गरी निर्माण कार्य अगाडी बढाउने ।

प्रस्ताव नं. ६:- कार्यविधि स्वीकृति तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ६:-

कालीगण्डकी गाउँपालिका, स्याङ्जाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने । साथै, सो कार्यविधि बमोजिम "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम" सञ्चालन गर्ने गरी आवश्यक प्रक्रियाका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने ।

प्रस्ताव नं. ७:- ठेक्का म्याद थप सम्वन्धमा ।

निर्णय नं. ७:- ठेक्का नं. KLGD-W-NCB-UCDSMB-8-76-77 को म्याद २०७९ चैत्र मसान्तसम्म थप गर्ने ।

06/10/79